वडाको परिचय

- कर्णाली प्रदेशको राजधानी सुर्खेत जिल्लाको सदरमुकाम देखि दक्षिण भाग रहेको साविकको लाटीकोईली गा वि स का भिविन्न वडाहरु लाई समायोजन गरी २०७३।११।२७ को निर्णय अनुसार साविक वीरेन्द्रनगर का वडा १४ र १६ लाई गाभी वीरेन्द्रनगर नगरपालिकाको वडा नं १० भएको यस वडाको जम्मा घर धुरी संख्या ३२५६ रहेको छ  गरी यस वडाको  जम्मा जनसंख्या ११२२५ रहेको छ। यस वडामा मख्य रुपमा बसोबास गर्ने जातीहरुमा ब्रामण, क्षेत्री, थारु, मगर, दलित, मुस्लिम र राजी समुदायका मानिसहरु को बसोबास भएको वडा हो । यस वडामा ३२ वटा टोल विकास संस्था रहेका छन । र यस वडाको पुर्वमा वडा नं ११ नेवारे खोला  पश्चिममा वडा नं ९ उत्तरमा रत्न राजमार्ग र दक्षिणमा भेरी नदी रहेको चारकिल्ला भित्र यो वडा पर्दछ यस वडामा देउती बज्ये बुलबुले काक्रेबिहार र देउती बज्ये मूल थान सहित धार्मिक तथा पर्यटकिय क्षेत्र रहेको छ ।

क्षेत्रगत रुपमा भएको मुख्य उपलब्धि-

१.वडाले माथिल्लो तलामा तालिम हल निमार्ण गरेको

२. पुर्वाधारका स्वीकृत योजनाहरु को सम्झौता भई काम सम्पन भएका ।

३. वडा भित्र रहेका जेष्ठ नागरिकहरु लाई सम्मान कार्यक्रम गरेको ।

४. अन्य सरोकार कार्यालयहरु सँग समन्वय गरी थप विकास निर्माणका कार्यक्रमहरु गरेको

५. वडा उज्यालो कर्यक्रम संचालन भएको ।

६. सुरक्षा व्यवस्थापनका लागि प्रहरी सँग समन्वय भएको ।